

के तपाईंको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्नेछ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १२२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ ४ गते बुधबार ❑ 18 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## संसद् अधिवेशन प्रारम्भ, एमालेले विरोधको स्वरुप परिवर्तन गर्ने

**रासस**

**काठमाडौं, ३ जेठ**

सङ्घीय संसद्को एघारौं अधिवेशन प्रारम्भ भएको छ । मंगलबार अपराह्न ४ बजेदेखि सुरु भएको प्रतिनिधिसभा बैठकको प्रारम्भमा सभामुख अग्निप्रसाद सापकोटाले राष्ट्रपति विद्यादेवी भण्डारीबाट प्राप्त अधिवेशन आह्वानसम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनुभयो ।

बैठकको प्रारम्भ मै प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का सांसदहरूले आसनबाट उभिएर विरोध जनाएपछि सभामुखले एमालेका सांसद प्रदीप ज्ञवालीलाई बोल्न समय दिनुभएको थियो । उहाँले सम्बोधन गर्दै सदनमा आफ्नो पार्टीले लगातार विरोध गर्नुको कारण बारे बताउनुभयो । उहाँले मुलुक स्थानीय तहको निर्वाचनपछि नयाँ कोर्षमा गएकाले एमालेले संसद् गर्दै आएको विरोधलाई आजदेखि नयाँ स्वरूपमा परिवर्तन गरेको जानकारी गराउनुभयो । एमालेले आफ्नो पार्टीले कारबाही गरेको १४ सांसदको कारबाहीको सूचना टाँस गर्नुपर्नेलगायत माग राखी अघिल्लो अधिवेशनदेखि निरन्तर बैठक अवरोध गर्दै आएको थियो । उहाँले आफ्ना सांसदलाई कारबाही गरिएको सम्बन्धित मुद्दाको फैसला गर्न अदालतले गरेको ढिलाइप्रतिसमेत असन्तुष्टि जनाउनुभयो ।

उक्त विषयमा आफ्नो अडान यथावत रहेको उहाँको भनाइ थियो । उहाँले मुलुकको वर्तमान आर्थिक सङ्कटका बारेमा आफ्नो पार्टी निकै चिन्तित रहेको बताउँदै उहाँले सबै मिलेर समाधानमा पहल गर्न सरकारलाई आग्रह गर्नुभयो । त्यसका लागि नयाँ ढङ्गको बहस र सोचको आवश्यकता रहेको उल्लेख गर्दै उहाँले एमालेले त्यसबारेमा संसद्मा आवाज उठाउने बताउनुभयो । स्थानीय तहको निर्वाचनमा सत्ता पक्षबाट आचारसंहिता उल्लङ्घन भएको आरोप लगाउँदै सांसद ज्ञवालीले सुरक्षा निकाय र कर्मचारीतर्फबाट आफूलाई सहयोग नभएको टिप्पणी गर्नुभयो ।

निर्वाचनमा आफ्नो पार्टीलाई चौतर्फी घेराबन्दी पारिएको बताउँदै उहाँले सत्ताको दुरुपयोग भएको आरोपसमेत लगाउनुभयो । यसैगरी सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् गठनसम्बन्धी पत्रहरूको व्यहोरा पनि पढेर सुनाउनुभएको थियो ।

## पोखरामा आचार्य एमालेका थापा भन्दा १७५० मतले अघि

**पोखरापत्र संवाददाता**

**पोखरा, ३ जेठ**

पोखरा महानगरपालिकाका मेयरका गठबन्धनका साझा उमेदवार धनराज आचार्यले आफ्ना निटकतम प्रतिद्धन्दी एमालेका कृष्ण थापालाई १ हजार ७ सय ५० मत अन्तरले पछि पारेका छन् ।

पोखरामा जारी मतगणामा २८ हजार १ सय ६० मत परिणाम सार्वजनिक हुदा आचार्यले उक्त मतान्तर फराकिलो पार्न सफल भएका हुन् । नेकपा एकिकृत समाजबादीका उमेदवार आचार्यले ११ हजार ८ सय १२ मत ल्याएका छन । एमालेका थापाले भने १० हजार ६२ मत ल्याएको निर्वाचन कार्यालय पोखराले जनाएको छ । त्यसै गरी उपमेयरमा पनि गठबन्धनकै उमेदवारको मतान्तर फराकिलो हुदै गएको छ । नेपाली कांग्रेसका उमेदवार गठबन्धनकी कोपिला रानाभाटले १२ हजार १ सय ३० मत ल्याएकी हुन् । ११ हजार ४ सय ८३ मत ल्याएकी एमालेकी मन्जु देवि गुरुङको र ानाभाट संगको मतान्तर भने ६ सय ४७ रहेको छ । पोखरा १ मा एमालेले जित हासिल गऱ्यो भने, पोखरा २, पोखरा ३, पोखरा ४, पोखरा १२, पोखरा २३ मा जित हासिल गरेको छ ।

## सार्वजनिक यातायातमा भाडा बढ्यो

**पोखरापत्र संवाददाता**

**पोखरा, ३ जेठ**

सरकारले अन्तर प्रदेश चल्ने सार्वजनिक यातायातमा पुनः भाडादर वृद्धि गरेको छ ।

यात्रुवाहक सवारीसाधनमा तीन दशमलव पाँच प्रतिशत भाडा बढाइएको हो । गत चैतमा भाडादर निर्धारण गर्दाभन्दा अहिले डिजेल प्रतिलिटर रु १५ वृद्धि भएपछि त्यसैका आधारमा भाडादर बढाउने निर्णय भएको यातायात व्यवस्था विभागले जनाएको छ ।

पहाडी बाटोमा चल्ने मालवाहक सवारीसाधनमा चार दशमलव छ प्रतिशत र तराई बाटोमा सञ्चालन हुने मालवाहक सवारीसाधनमा पाँच दशमलव एक प्रतिशत भाडा बढाइएको हो । वैज्ञानिक भाडा समायोजन प्रणालीमा इन्धनको मूल्य पाँच प्रतिशत वा सोभन्दा बढीले घटेमा वा बढेमा स्वचालित रुपमा भाडादर परिवर्तन हुने उल्लेख छ । पछिल्लो पटक गत चैत १७ मा भाडादर समायोजन गरिएको थियो । त्यतिबेला डिजेलको मूल्य रु १३८ रहेकामा हाल रु १५३ कायम भएको छ ।

## सामाजिक न्याय र आत्मनिर्भर अर्थतन्त्रको विकास प्रमुख

**रासस**

**काठमाडौं, ३ जेठ**

सरकारले सामाजिक न्याय, ग्रामीण विकासलाई केन्द्रमा राखेर आत्मनिर्भर अर्थतन्त्रको निर्माण गने ध्येयका साथ आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्ने भएको छ ।

समाजवाद उन्मुख अर्थतन्त्र निर्माणलाई प्राथमिकतामा राखेर सरकारले विदेशिएका युवालाई देशभित्रै रोजगारी तथा कृषिको उत्पादन वृद्धि गर्ने लक्ष्यलाई पनि बजेटको केन्द्रमा राख्ने उल्लेख गरिएको छ । प्रतिनिधिसभाको आजको बैठकमा आव २०७९/८० को विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता पेश गर्दै अर्थमन्त्री जनार्दन शर्माले लोकतान्त्रिक गणतन्त्र, सङ्घीय शासन व्यवस्था, समावेशिता, समाजवाद उन्मुख अर्थतन्त्रलगायत संविधानका आदर्श र दिशा निर्देशलाई अनुसरण गरिएको जानकारी दिनुभयो ।

प्राथमिकता प्राप्त क्षेत्रमा पर्याप्त साधन उपलब्ध गराउन र विनियोजित बजेटको परिणाममुखी कार्यान्वयन सुनिश्चित गर्न विनियोजन कुशलता र संस्थागत क्षमता अभिवृद्धि गर्नुका साथै वित्तीय अनुशासन कायम गर्ने अर्थमन्त्रीको प्रष्टोक्ति छ । आर्थिक तथा प्राविधिक हिसाबले सम्भाव्य देखिएका आयोजनामा मात्र बजेट प्रस्ताव गर्ने, अनुत्पादक क्षेत्रमा सरकारी खर्च कटौती गरी मितव्ययिता कायम गरिने भएको छ । अर्थमन्त्रीले भन्नुभयो, "सार्वजनिक सेवा प्रवाहलाई सरल, जनमुखी र सेवाग्राहीमैत्री बनाउने, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउने, भ्रष्टाचार र अनियमितता नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्दै सरकार प्रतिको जनविश्वास अभिवृद्धि गर्न बजेट लक्षित हुनेछ ।"

उत्पादनमुखी अर्थतन्त्रको प्रवर्द्धन गर्दै विद्यमान कर प्रणालीमा सुधार गरी कूल राजस्वमा आन्तरिक राजस्वको योगदान बढाउँदै बजेटमार्फत करको दायरा विस्तार, राजस्व चुहावट नियन्त्रण र राजस्व प्रणालीमा थप सुधार गरी कर प्रणालीलाई दिगो बनाउने लक्ष्य राखिएको छ । सार्वजनिक ऋणलाई राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्र, उत्पादनशील क्षेत्र तथा पुँजी निर्माणमा उपयोग गर्ने, आन्तरिक ऋण परिचालन गर्दा निजी क्षेत्रको वित्तीय साधन उपलब्धतामा प्रतिकूल प्रभाव पर्न नदिने एवम् वैदेशिक सहायतालाई राष्ट्रिय प्राथमिकता र पुँजी निर्माणका क्षेत्रमा मात्रै परिचालन गरिने भएको छ ।

समाजमा विद्यमान सबै प्रकारका विभेदको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्न तथा साधन स्रोतको न्यायोचित वितरणमार्फत सामाजिक न्याय प्रत्याभूत गर्न बजेट निर्देशित हुने अर्थमन्त्रीको भनाइ छ । घरबार विहीन तथा भूमिहीन नागरिकलाई सुरक्षित आवासको प्रबन्ध गर्ने व्यवस्था मिलाउने तथा लक्षित वर्गको उत्थान र विकासका लागि कार्यक्रम तय गरी बजेट विनियोजन गरिने उहाँले स्पष्ट पार्नुभयो ।

आत्मनिर्भर अर्थतन्त्र निर्माणको लागि कृषि र उद्योग क्षेत्रको प्रवर्द्धन गर्दै आधारभूत उपभोग्य वस्तुहरूको उत्पादन वृद्धि गर्ने, तुलनात्मक लाभ एवं अग्र र पृष्ठ सम्बन्ध उच्च भएका स्वदेशी कच्चा पदार्थमा आधारित वस्तुको उत्पादन वृद्धि गरी निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गने बजेटको नीति रहने अर्थमन्त्रीले जानकारी दिनुभयो । अन्तर्राष्ट्रिय मूल्य श्रृंखलामा आबद्ध वस्तुहरूको उत्पादन नेपालभित्र गर्न आवश्यक वातावरण निर्माण तथा सहजीकरण


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## मादी गाउँपालिका अध्यक्षमा गठबन्धनबाट कांग्रेसका गुरुङ विजयी

**पोखरापत्र संवाददाता**

**कास्की, ३ जेठ**

स्थानीय तह सदस्य निर्वाचन-२०७९ अन्तर्गत कास्कीको मादी गाउँपालिकाको अध्यक्षमा सत्ता गठबन्धनबाट नेपाली कांग्रेसका उम्मेदवार देवीजङ्ग गुरुङ विजयी हुनुभएको छ ।

वैशाख ३० गते सम्पन्न निर्वाचनको आज सार्वजनिक गरिएको अन्तिम मत परिणामअनुसार उपाध्यक्षमा भने नेकपा (एमाले) का कल्पना गुरुङ निर्वाचित हुनुभयो । अध्यक्षमा विजयी कांग्रेसका गुरुङले छ हजार ५८४ र उहाँका प्रतिस्पर्धी एमालेका शिवबहादुर गुरुङले पाँच हजार ७५० मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृत दुर्गाप्रसाद भट्टराईले जानकारी दिनुभयो । यसैगरी उपाध्यक्षमा नेकपा(एमाले)का कल्पनाले पाँच हजार ८२८ मत प्राप्त गरी विजयी हुँदा गठबन्धनका साझा उम्मेदवार नेकपा(माओवादी केन्द्र)का लालबहादुर गुरुङले पाँच हजार ६१६ मत प्राप्त गर्नुभएको छ । मादीका १२ वडाहरुमध्ये मा कांग्रेसले छ, एमालेले चार र माओवादीले दुई वडा जितेको छ । कांग्रेसले वडा नं १, २, ३, ५, १० र ११, एमालेले वडा नं ४, ६, ८ र ९ तथा माओवादीले वडा नं ७ र वडा नं १२ जितेको छ । कास्कीका पाँच स्थानीय तहहरुमध्येमा अहिलेसम्म मादीसहित, रुपा, अन्नपूर्ण र माछापुच्छ्रेको अन्तिम परिणाम सार्वजनिक भएको छ । रुपा र अन्नपूर्णमा एमाले तथा माछापुच्छ्रेमा कांग्रेसले अध्यक्ष, उपाध्यक्षसहित बहुमत वडामा जित हासिल गरेका छन् । पोखरा महानगरको भने गणना जारी छ ।

## शुक्लाको प्रमुखमा कांग्रेस, उपप्रमुखमा एमाले अग्रस्थानमा

**पोखरापत्र संवाददाता**

**तनहुँ, ३ जेठ**


जिल्लाको दोस्रो ठूलो नगरपालिका शुक्लागण्डकीको प्रमुखमा नेपाली कांग्रेसका कृष्णराज पण्डित सुरुदेखि नै अग्रस्थानमा हुनुहुन्छ ।

कूल १८ हजार ८५४ मत गणना हुँदा पण्डितले आठ हजार छ सय ८८ मत पाउनुभएको छ । उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले)का मुक्ति तिम्सिनाले सात हजार ५५१ मत पाउनुभएको छ । पण्डित एक हजार १३७ मतले अग्रस्थानमा हुनुहुन्छ । उपप्रमुख पदमा एमालेकी फूलमाया वाग्ले सात हजार ३५५ मत ल्याउनको भएको छ ।

उहाँका प्रत्यासी नेकपा (माओवादी केन्द्र)का खुमबहादुर विकले सात हजार २२१ मत ल्याउनुभएको छ । एक सय ३५ मतको अन्तरले वाग्ले अग्रस्थानमा हुनुहुन्छ । जिल्लाकै ठूलो व्यास नगरपालिकामा मतगणना कार्य रोकिएको छ । व्यास नगरपालिका-८ को दुई वटा मतदान केन्द्रमा विवाद भएका कारण निर्वाचन रद्द गरी पुनः बुधबार मतदान हुँदैछ । नेपाली कांग्रेस र गठबन्धनमा रहेका एमाले र जोशी समूहबीच विवाद भएपछि पुनः मतदान गर्न लागिएको हो । बुधबार बिहान ७ बजेदेखि ५ बजेसम्म मतदान हुँदैछ । जिल्लाका अन्य नौ पालिकामा मतगणनापश्चात् देवघाट गाउँपालिकामा कांग्रेस र माओवादी केन्द्र, म्याग्देमा एमाले र कांग्रेस, बन्दीपुरमा एमाले र कांग्रेस, आँबुखैरेनीमा नेकपा माओवादी, भीमाद नगरपालिकामा एमाले, घिरिङमा एमाले विजयी भएका छन् ।

अन्य चार पालिका शुक्लागण्डकी, व्यास नगरपालिका, भानु र ऋषिङको मत परिणाम आउने क्रम जारी रहेको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१


## माछापुच्छ्रेमा नवनिर्वाचित जनप्रतिनिधिलाई प्रमाणपत्र

**पोखरापत्र संवाददाता**

**कास्की, ३ जेठ**

स्थानीय तह सदस्य निर्वाचनमा कास्कीको माछापुच्छ्रे गाउँपालिकाका नवनिर्वाचित जनप्रतिनिधिलाई प्रमाणपत्र प्रदान गरिएको छ ।

गाउँपालिका नवनिर्वाचित अध्यक्ष मीनबहादुर गुरुङ, उपाध्यक्ष सीता अधिकारीसहित वडाध्यक्ष तथा सदस्यलाई निर्वाचन अधिकृत नवराज दङ्गालले निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्नुभएको हो । गाउँपालिकाको अन्तिम मत परिणामअनुसार कांग्रेसका मीनबहादुर गुरुङ सात हजार ९९ मतसहित अध्यक्षमा निर्वाचित हुनुभएको थियो । उहाँका निकटतम प्रतिस्पर्धी नेकपा(एमाले)का उम्मेदवार विक्रम गुरुङले छ हजार ६१७ मत ल्याउनुभएको थियो ।

त्यस्तै उपाध्यक्षमा नेपाली कांग्रेसका सीता अधिकारीले छ हजार ३७६ मत प्राप्त गरी विजयी हुँदा एमालेका सीता तिवारीले पाँच हजार ९५१ मत प्राप्त गर्नुभएको थियो । नौ वडा रहेको गाउँपालिकामा नेपाली कांग्रेसले वडा नं १, २, ३, ४, ५, ८ र ९ मा जित हासिल गरेको छ । यसैगरी नेकपा(माओवादी केन्द्र)ले वडा नं ७ र नेकपा (एमाले) वडा नं ६ मा विजयी भएको छ । गाउँपालिकाको वडा नं १ मा कांग्रेसका इन्द्रबहादुर गुरुङ, वडा नं २ मा गणेश आचार्य, वडा नं ३ मा हरिश्चन्द्र लम्साल, वडा नं ४ मा मधुसुदन अधिकारी, वडा नं ५ मा नारदप्रसाद पौडेल, वडा नं ६ मा एमालेका टेकनाथ गौतम, वडा नं ७ मा माओवादी(केन्द्र)का बैकुण्ठ भण्डारी, वडा नं ८ मा काँग्रेसका राम गुरुङ र वडा नं ९ मा हरिबहादुर क्षेत्री विजयी हुनुभएको छ ।

यसअघि २०७४ को स्थानीय तह निर्वाचनमा गाउँपालिका अध्यक्ष र उपाध्यक्षसहित आठ वडा नेकपा एमाले र एक वडा नेपाली कांग्रेसले जितेको थियो ।

# ११ पालिका मध्ये ९ को नजिता सार्वजनिक

## स्याङ्जाका नगरमा काँग्रेस गाउँपालिकामा एमाले

**प्रकाश डोटेल**
**स्याङ्जा, ३ जेठ**

स्याङ्जाका ११ स्थानीय तहमा ५ नगरपालिका र ६ गाउँपालिका मध्ये हालसम्म नतिजा प्राप्त भएका ३ नगर पालिका र १ गाउँपालिकामा नेपाली काँग्रेस र ५ गाउँपालिकामा नेकपा एमालेका उम्मेदवार विजयी भएका छन्। २ नगरपालिकाको नजिता आउन बाँकी रहेको छ।

२०७४ को स्थानीय निर्वाचनमा जिल्ला सदरमुकामको पुतलीबजार सहित २ नगरपालिका र ५ गाउँपालिकाको नेतृत्व आफ्नो पोल्टामा पार्न सफल एमाले यसपटक ५ गाउँपालिकामा सिमित भएको छ। अघिल्लो निर्वाचनमा प्रचण्ड बहुमत सहित पालिकाको नेतृत्व हात पारेको एमाले यसपल्ट झिनो मतान्तरले विजयी भएको छ।

जिल्लाको सदरमुकाम पुतलीबजार नगरपालिकामा पहिलोपटक नेपाली काँग्रेस विजयी भएको छ। २०५४ सालमा स्थापना यता पुतलीबजारमा एकछत्र राज गर्दै आएको नेकपा एमालेको गढ मानिएको नगरमा यसपालि काँग्रेस विजयी भएको हो।

नगर प्रमुखमा काँग्रेसका तुलसी रेग्मी र उपमेयरमा देवी अर्याल विजयी भएकी हुन्। रेग्मीले १२ हजार ५ सय १५ मत पाउँदा नेकपा एमालेबाट उम्मेदवार रहेकी सिमा कुमारी क्षेत्रीले १० हजार ९ सय मत प्राप्त गर्दै पराजित भएकी छन्। रेग्मी काँग्रेस स्याङ्जा क्षेत्र न.१ का क्षेत्रीय सभापति समेत हुन्।

यस्तै उपमेयरमा अर्यालले ११ हजार ७ सय ४८ मत पाउँदा एमालेका महेश पुरीले १० हजार ७ सय ६१ मत पाए। रेग्मी २ हजार ४ सय २५ मतान्तरले विजयी हुँदा अर्याल ९८७ मतान्तरले विजयी भएको निर्वाचन कार्यालय जनाएको छ।

२०७४ को स्थानीय तह निर्वाचनमा क्षेत्री रेग्मीलाई पराजीत गर्दै प्रमुखमा निर्वाचित भएकी थिईन् भने उपमेयरमा पुरीले काँग्रेसकी हिरादेवी शर्मालाई पराजीत गरेका थिए। गत निर्वाचनमा १४ वडामध्ये ४ वडामा मात्र कांग्रेस विजयी भएको थियो। यसपटक वडामा समेत कांग्रेसले आफ्नो वर्चस्व कायम गर्दै १४ वडामध्ये ९



वडामा विजयी हुँदा एमाले ५ वडामा खुम्चिएको छ।

त्यसैगरी भीरकोट नगर पालिकाको प्रमुखमा नेपाली काँग्रेसका गोविन्दकुमार कर्माचार्यले ६ हजार ५०४ मत प्राप्त गर्दै विजयी भएका छन्। कर्माचार्यसँग प्रतिस्पर्धामा रहेका नेकपा एमालेका उम्मेदवार विश्वनाथ अर्यालले ५ हजार ६ सय ६९ मत प्राप्त गर्दै पराजित भए।

नगरपालिकाको उपप्रमुखमा नेपाली काँग्रेसकी भगवती रेग्मी अर्याल विजयी भएकी छन्। अर्यालले ७ हजार १७९ मत प्राप्त गर्दा एमालेकी सरस्वती अधिकारीले ४ हजार ८९८ मत प्राप्त गरेकी थिईन्।

नगरपालिकाको वडा नं १, २, ३, ४, ५, ७, ८ र ९ गरी आठ वटा वडाका अध्यक्षमा काँग्रेसका उम्मेदवार विजयी भएका छन् भने वडा नं ६ मा नेकपा एमाले विजयी भएको छ। नगरको ४७ सिटमध्ये वडा नं ६ को वडा अध्यक्षबाहेक सम्पूर्ण सीटमा काँग्रेसका उम्मेदवार विजयी भएका छन्।

त्यसै गल्याङ नगर पालिकाको प्रमुखमा नेपाली काँग्रेसका गुरुप्रसाद भट्टराई विजयी भएका छन्। भट्टराईले नेकपा एमालेका जिल्ला अध्यक्षसमेत रहेका सूर्यप्रसाद गैह्र 'पारस' लाई पराजित गर्दै विजयी भएका हुन्। भट्टराईले ९ हजार ६२१ मत प्राप्त गर्दा गैह्रेले ८ हजार ९२२ मत प्राप्त गरेका थिए।

नगरपालिकाको उपप्रमुख काँग्रेसकै हेमा न्यौपाने विजयी भएकी छन्। उनले ९ हजार ११८ मत प्राप्त गर्दा एमालेकी उम्मेदवार देवी थापाले ९ हजार ५५ मत प्राप्त गरिन्। नगरका वडा नं १, ३, ४, ६, ९ र १० गरी ६ वटा वडामा काँग्रेसका उम्मेदवार विजयी हुँदा वडा नं २, ७, ५, ८ र ११ मा एमालेका वडा अध्यक्षका उम्मेदवार विजयी छन्। जिल्लाका ६ गाउँपालिकामध्ये अर्जुनचौपारीमा मात्र जित हात पारेको काँग्रेसका तर्फबाट प्रकाश तिवारी गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएका छन्। उनले नेकपा एमालेकी चिनमाया गुरुङ्लाई पराजित गरेका हुन्।

गाउँपालिकाका अध्यक्षमा विजयी तिवारीले ५ हजार २९१ मत प्राप्त गर्दा एमालेकी गुरुङ्ले ४ हजार ८ सय २७ मत प्राप्त गर्दै पराजित बन्न पुगिन्। गाउँपालिकाको उपाध्यक्षमा समेत काँग्रेसले जित हात पारेको छ। काँग्रेसकी सपना गुरुङ्ले ३३ सय ४७ मत प्राप्त गर्दा एमालेका टंकप्रसाद खनालले ३७ सय ६७ मत प्राप्त गर्दै पराजित भएका छन्।

अघिल्लो निर्वाचन समेत जित हात पारेको नेकपा एमालेका तर्फबाट फेदीखोला गाउँपालिकाको अध्यक्षमा घनश्याम सुवेदी विजयी भएका छन्। उनले नेपाली काँग्रेसका लक्ष्मीप्रसाद बराललाई १३२ मतले पराजित गर्दै विजयी भएका हुन्।

अध्यक्षमा निर्वाचित सुवेदीले ३ हजार ८ सय ३६ मत प्राप्त गर्दा नेपाली काँग्रेसका उम्मेदवार बरालले ३ हजार ७०४ मत प्राप्त गरेका छन्। गाउँपालिकाकाको उपाध्यक्षमा एमालेकै देउकुमारी गुरुङ्ले माओवादी केन्द्रका शिवप्रसाद पराजुलीलाई १५ सय ९९ मतले पछाडि पार्दै उपाध्यक्षमा विजयी भएकी हुन्।

एमालेकी देउकुमारी गुरुङले ३ हजार ९ सय ७८ मत प्राप्त गर्दा उनका निकटतम प्रतिद्धन्द्धी माओवादी केन्द्रका शिवप्रसाद सुवेदीले २ हजार ३ सय ७९ मत प्राप्त गरे।

पाँचवटा वडा रहेको गाउँपालिकामा १, ३, ४ र ५ गरी चारवटा वडामा काँग्रेसका अध्यक्षका उम्मेदवारहरु विजयी भएका छन् भने वडा नं २ मा एमालेका अध्यक्षका उम्मेदवार विजयी भएका छन्।

त्यसैगरी आँधीखोला गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा नेकपा (एमाले) विजयी भएको छ। एमालेका विश्वनाथ पौडेल नेपाली काँग्रेसका प्रेमराज पौडेललाई पराजित गर्दै विजयी भएका हुन्। पौडेलले ५ हजार १७७ मत प्राप्त गर्दा काँग्रेसका प्रेमराज पौडेलले ४ हजार ३५१ मत प्राप्त गरे।

गाउँपालिकाकाको उपाध्यक्षमा एमालेकै सिता थापा ५ हजार २७३ मत प्राप्त गर्दै विजयी हुँदा नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी) का रामचन्द्र पौडेल ३ हजार ८१७ मत प्राप्त गर्दै पराजित भए।

त्यस्तै बिरुवा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष दुबै पदमा नेकपा (एमाले) का उम्मेदवार विजयी भएका छन्। एमालेका सूर्यबहादुर कुँवर अध्यक्षमा विजयी भएका हुन्। उनले ४ हजार ८ सय ७२ मत गर्दा नेपाली कांग्रेसका उमेदवार डोलराज पोखरेल ४७ सय ४६ मत प्राप्त गर्दै पराजित भए।

उपाध्यक्षतर्फ एमालेकी उम्मेदवार भगवती शर्मा ४९ सय ३७ मत ल्याउँदै निर्वाचित हुँदा निकटतम प्रतिस्पर्धी नेकपा (माओवादी केन्द्र) बाट उम्मेदवार बनेका थमबहादुर गुरुङले ३ हजार ६ सय ७६ मत प्राप्त गरे।

त्यसैगरी कालीगण्डकी गाउँपालिकाको अध्यक्षमा एमालेका खिमबहादुर थापा ६ हजार ७ सय मत प्राप्त गरी विजयी हुँदा उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसकी माया रानाले पाँच हजार ५५ मत प्राप्त गर्दै पराजित भएकी छन्। उपाध्यक्षमा एमालेकी सावित्रा कोइराला ६ हजार २२३ मतसहित निर्वाचित भएकी छन्। उनका निकटतम प्रतिस्पर्धी राष्ट्रिय जनमुक्ती पार्टीका उम्मेदवार बमबहादुर लामिछानेले ४ हजार ३३० मत प्राप्त गरेका छन्।

उता हरिनास गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा एमालेले जित हात पारेको छ। अघिल्लो निर्वाचनमा जित हासिल गरेका एमालेका उम्मेदवारहरु यसपटक पनि विजयी भएका छन्। मतगणना जारी रहेको वालिङ र चापाकोट नगरपालिकाको नजिता सार्वजनिक हुन केहि समय लाग्ने निर्वाचन कार्यालयले जनाएको छ।



नवनिर्वाचित जनप्रतिनिधिः कास्कीको माछापुच्छ्रे गाउँपालिकाका नौ वटा वडाबाट विजयी महिला जनप्रतिनिधिहरु प्रमाणपत्रका साथमा। तस्बिरः राधिका कँडेल/रासस

# अन्नपूर्णमा एमाले विजयी

**पोखरापत्र संवाददाता**
**कास्की, ३ जेठ**

कास्कीको अन्नपूर्ण गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष दुवै पदमा नेकपा (एमाले)का उम्मेदवार विजयी भएका छन्।

स्थानीय तह सदस्य निर्वाचन २०७९ अन्तर्गत मतगणनाको मंगलबार बिहान जारी अन्तिम परिणामअनुसार एमालेका विष्णुबहादुर केसीले नेपाली कांग्रेसका युवराज कुँवरलाई ७६३ मतान्तरले पराजित गदै अध्यक्षमा विजयी हुनुभएको हो। नव निर्वाचित केसीले छ हजार ७२२ मत ल्याउँदा कुँवरले पाँच हजार ९५९ मत प्राप्त गर्नुभयो। विसं २०७४ को निर्वाचनमा केसी निर्वतमान गाउँपालिका अध्यक्ष कुँवरसँग पराजित हुनुभएको थियो। उपाध्यक्षमा एमालेकै चन्द्रकला अधिकारी देवकोटाले छ हजार ६०८ मतसहित विजयी भएकी हुनुभयो। उहाँका निकटम् प्रतिद्वन्द्वी कांग्रेसका खेमकुमारी गुरूङले छ हजार १४ मत प्राप्त गर्नुभयो। अन्नपूर्णका ११ वटा वडामध्ये १, ३, ६, ७, ९ र ११ वडामा एमाले र २, ४, ५, ८ र १० मा कांग्रेसले वडाध्यक्ष जितेको छ। जिल्लाका पाँच स्थानीय तहमध्ये हालसम्म तीन पालिकाको अन्तिम मत परिणाम आइसकेको छ। अन्नपूर्ण र रुपा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्षसहित बहुमत वडाध्यक्ष एमालेले जितेको छ। कांग्रेस माछापुच्छ्रेको अध्यक्ष र उपाध्यक्षसहित सात वडाध्यक्षमा विजयी भएको छ। पोखरा महानगरपालिका र मादी गाउँपालिकाको मतगणना जारी छ। मादीमा कांग्रेस र पोखरामा गठबन्धनका उम्मेदवार नेकपा (एकीकृत समाजवादी)ले अग्रता लिएको छ।

## सामाजिक...

गरिने भएको छ।अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान बढाउँदै निर्माणाधीन औद्योगिक क्षेत्र र औद्योगिक ग्रामहरूको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याउने सरकारको प्राथमिकतामा रहने भएको छ। त्यस्तै, उत्पादनमूलक उद्योग स्थापना र सञ्चालन गर्न प्रोत्साहन गर्ने, निजी क्षेत्रलाई आर्थिक वृद्धिको इञ्जिनको रूपमा अगाडि बढाउने, औद्योगिक विकासको लागि वैदेशिक लगानी प्रवर्द्धन गर्ने, लघु घरेलु तथा साना उद्योगको प्रवर्द्धन गर्नका लागि सार्वजनिक निजी साझेदारीमा औद्योगिक क्षेत्र सञ्चालन गर्ने व्यवस्था बजेटमार्फत मिलाइने भएको छ। आगामी आवको बजेटमार्फत तीव्र आर्थिक वृद्धि र समावेशी एवं सन्तुलित आर्थिक विकासको आधारको रूपमा भौतिक पूर्वाधारको विकास गर्ने लक्ष्य निर्धारण गरिएको छ। राष्ट्रिय गौरव र रूपान्तरणकारी आयोजनाको निर्माण समयभित्र सम्पन्न गर्ने, प्रमुख राजमार्गको विस्तार र स्तरोन्नति तोकिएको समयभित्र सम्पन्न गर्ने, सडक पूर्वाधारको सुधार गरी यात्राको समय घटाउने, नयाँ प्रविधिमा आधारित टनेल तथा द्रुतमार्ग निर्माण अघि बढाउने, आन्तरिक विमानस्थल टर्मिनलहरूको स्तरोन्नति गर्ने कामलाई प्राथमिकतामा राखिएको छ।


**चट्याङबाट बचौ र बचाऔं।**

चट्याङबाट बच्न,
घरबाहिर हुनुहुन्छ भने,
◆अग्लो र एक्लो रुखमुनि नबस्ने,
◆पौडिने, माछा मार्ने तथा र्‍याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
◆खुल्ला मैदानमा नबस्ने,
◆धातुबाट बनेका तारबार नजिक नबस्ने,
घरभित्र हुनुहुन्छ भने,
◆विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्यूटर, फ्रिज, वासिङ मेसिन नजिक नबस्ने र प्रयोग नगर्ने,
◆तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
◆घरबाट बाहिर ननिस्किने,
◆धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड



**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



**कपालको उपचार**

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

**सम्पादकीय**

# नागरिक खबरदारी आवश्यक

सरकारले पेट्रोलियम पदार्थको मूल्य बढाए लगत्तै यातायात व्यवसायीले भाडामा बढाएका छन । पेट्रोलियम पदार्थको मूल्य बढ्नु महगी बढ्नु हो । यातायातका साधनको भाउ बढ्ने बित्तिकै भाडा बढ्नु हो । सरकारले डिजेल, पेट्रोल र मट्टीतेलको ह्वात्तै बढाएको छ । स्थानीय तहको निर्वाचन भए लगत्ते पेट्रोलियम पदार्थको मूल्य बढाउने काम गरेर जनतामाथि घात गरेको छ । वाणिज्य सचिव डा. गणेशप्रसाद पाण्डेय नेतृत्वको आयल निगम सञ्चालक समितिको बैठकले पेट्रोलियम पदार्थमा प्रतिलिटर १० रुपैयाँ मूल्य बढाउने निर्णय गरेको हो । लिटरमा १० रुपैयाँ बढाएर 'खाए खा, नखाए घिच' स्थितिमा जनता परेका छन ।

अब पेट्रोलको खुद्रा मूल्य प्रतिलिटर १७० रुपैयाँ पुगेको छ भने डिजेल र मट्टीतेलको मूल्य १५३ रुपैयाँ प्रतिलिटर कायम भएको छ । निगम सञ्चालक समितिको बैठकले शनिबार रातिदेखि लागु हुनेगरी मूल्य बढाउने निर्णय गरेको थियो । स्थानीय तहको निर्वाचनलगत्तै सरकारले पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि गरेको छ । शनिबार मध्यरातबाट लागु हुनेगरी सरकारले दैनिक उपभोग्य अत्यवश्यक वस्तु इन्धनको मूल्यमा भारी वृद्धि गरेर ढाड सेक्ने काम गरेको छ ।

मतदानमा मत संकेतको लागि लगाएको मसी नसुक्दै सरकारले मूल्यवृद्धिको उपहार दिएको छ । नेपाली जनतालाई जे गरे पनि हुन्छ भन्ने शासकीय दम्भ देखाएको छ । निर्वाचनको मुखाम गरिएको मूल्यबृद्धि जनतालाई जे गरे पनि हुन्छ भन्ने एक हो । नयाँ मूल्यअनुसार अब पेट्रोलको खुद्रा मूल्य प्रतिलिटर १७० रुपैयाँ पुगेको छ भने डिजेल र मट्टितेलको मूल्य १५३ रुपैयाँ प्रतिलिटर कायम भएको छ । यसअघि पेट्रोलको मूल्य प्रतिलिटर १६० रुपैयाँ र डिजेल १४३ रुपैयाँ थियो । यसअघि निगमले २२ चैतमा डिजेल, पेट्रोल, मट्टितेल र खाना पकाउने ग्याँसको मूल्यवृद्धि गरेको थियो ।

पूर्ण सरकारी स्वमित्वको निगमले घाटा चुलिँदै गएको बहानामा उपभोक्तामाथि पुनः मूल्यवृद्धि थोपरिएको छ । तर, इन्धनको नाममा सरकारले कमाउने कर घटाउन भने कुनै पनि निकायको ध्यान पुगेको देखिन्न । अघिल्लो महिनाको विवरणअनुसार आयल निगमको घाटा नौ महिनामा ३३ अर्ब छ तर त्यस अवधिमा सरकारले राजश्व र करमा गरेर उपभोक्ताबाट ८८ अर्ब रुपैयाँ आफ्नो ढुकुटीमा खिचेको छ । सडक मर्मत, प्रदुषण नियन्त्रण, पूर्वाधार विकास कर लगायतका ७ शीर्षकमा सरकारले अहिले भन्सार विन्दुमै उपभोक्ताबाट कर असुल गरेको छापूर्वाधार विकास कर भनी सरकारले पेट्रोलियम पदार्थमा उठाएको कर हालसम्म ९० अर्ब पुगिसकेको छ । बुढीगण्डकी आयोजना निर्माणका लागि भन्दै सरकारले इन्धनमा प्रतिलिटर ५ रुपैयाँ उठाउने गरेको कर पछिल्लो समय बढाएर १० रुपैयाँ बनाएको छ ।

गत वर्ष पेट्रोलियमबाट मात्रै जनतासंग ९८ अर्ब कर संकलन गरेको सरकारले चालु आर्थिक वर्षको चैत तेस्रो सातासम्म ८८ अर्ब रुपैयाँ कर संकलन गरेको छ । पेट्रोलियम पदार्थको मूल्य हालसम्मकै उच्च विन्दूमा पुग्दा पनि सरकार भने करबारे पुनरावलेकन गर्न तयार छैन । शनिवारको मूल्यवृद्धि अघिसम्म पेट्रोलमा ६० रुपैयाँ र डिजेलमा ४३ रुपैयाँ कर सरकारले लगाइ रहेको छ । सरकारले भारतीय आयल निगमबाट प्रतिलिटर ११८ रुपैयाँमा किनेको डिजेलमा मात्रै ४३ रुपैयाँ ४१ पैसा कर उठाउँछ ।

१०८ रुपैयाँ ६५ पैसामा किनेको पेट्रोलमा ६० रुपैयाँ ६३ पैसा कर लाग्छ भने १११ रुपैयाँमा किनेको मट्टितेलमा १३ रुपैयाँ ४६ पैसा कर सरकारले उठाउने गरेको छ । नेपाल आयल निगमले तेल खरिद गर्ने भारतीय आयल कर्पोरेसन (आईओसी) ले हरेक अंग्रेजी महिनाको १ र १५ तारिखमा १५ दिनको अनुमानित बिक्री मूल्य पठाउने गर्छ । जसअनुसार गत वैशाख १८ गते मे एकको दिन नयाँ मूल्य पठाएको थियो । उक्त मूल्यअनुसार निगमलाई पेट्रोलमा २३ र डिजेलमा ४० रुपैयाँसम्म्म लिटरमै घाटा थियो । १५ दिनमा झण्डै ५ अर्ब १९ करोड घाटा हुने गरी आएको नयाँ मूल्यपछि पनि निगमले स्वचालित मूल्य प्रणालीअनुसार मूल्य बढाएको थिएन । चुनावमा असर पुग्ने ठानेर एकैचोटि ढाड सेक्ने निर्णय परिवर्तन गर्न नागरिक खबरदारी आवश्यक छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : मानसिक तनाब |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# भिमादको प्रमुख र उपप्रमुखमा एमाले विजयी

**पोखरापत्र संवाददाता**
**तनहुँ, ३ जेठ**



भिमाद नगरपालिकाको प्रमुख र उपप्रमुखमा एमालेले विजय हासिल गरेको छ । गठबन्धनका उम्मेदवारलाई पराजित गर्दै प्रमुख, उपप्रमुख र बहुमत वडा एमालेले जितेको हो ।

नगरप्रमुखमा दधिराज सुवेदी आठ हजार १२८ मत प्राप्त गरी विजयी हुनुभएको छ । प्रतिस्पर्धी गठबन्धनका तर्फबाट नेकपा (एकीकृत समाजवादी) का काजीमान श्रेष्ठले पाँच हजार ८५७ मत प्राप्त गर्नुभयो । उपप्रमुखमा एमालेकै शारदा खनाल सात हजार ६६७ मत प्राप्त गरी विजयी हुनुभएको छ । प्रतिस्पर्धी गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका मिलन आलेले सात हजार २०५ मत प्राप्त गर्नुभयो । कूल २४ हजार ८८४ मतदाता रहेको नगरपालिकाको निर्वाचनमा १६ हजार १४९ मत खसेको थियो । भिमाद नगरपालिका-२, ३, ७, ८ र ९ वडा एमालेले जितेको छ भने १, ४, ५, ६ कांग्रेसले जितेको छ ।

# धवलागिरिमा गठबन्धनका उम्मेदवार विजयी

**रासस**
**म्याग्दी, ३ जेठ**

म्याग्दीको धवलागिरि गाउँपालिकाको अध्यक्षमा नेपाली कांग्रेस र उपाध्यक्षमा नेकपा (माओवादी केन्द्र)का उम्मेदवार विजयी भएका छन् ।

स्थानीय तह चुनावमा धवलागिरिमा कांग्रेस-माओवादीले तालमेल गरेका थिए । गठबन्धनबाट अध्यक्षमा कांग्रेसका प्रेमप्रसाद पुनले तीन हजार १२३ र उपाध्यक्षमा माओवादीका रेशम पुनले दुई हजार ८१२ मत पाएर निर्वाचित हुनुभएको सहायक निर्वाचन अधिकृत पूर्णबहादुर खत्रीले जानकारी दिनुभयो । उहाँहरूका निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले)की उम्मेदवार थमसरा पुनले दुई हजार ५४८ र उपाध्यक्षमा सोही पार्टीका प्रगति कार्कीले दुई हजार ६१८ मत पाउनुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । सात वडा रहेको धवलागिरिमा कांग्रेसले तीन, एमालेले तीन र माओवादीले दुई वडामा अध्यक्ष जितेका छन् । वडा नं १ मा गठबन्धनबाट माओवादीका झक छन्त्याल, २ मा एमालेका अकप्रसाद विक, ३ मा कांग्रेसका देवेन्द्र रोका, ४ मा एमालेका यामबहादुर घर्ती, ५ मा कांग्रेसका अमर छन्त्याल, ६ मा एमालेका राजाराम उपाध्याय र ७ मा माओवादीका अशोक खत्री निर्वाचित हुनुभएको छ । वडा सदस्य गठबन्धनका उम्मेदवार निर्वाचित भएका छन् । दश हजार ९४० मतदाता रहेको धवलागिरिमा ६१ दशमलव १८ प्रतिशत अथवा छ हजार ६९४ मत खसेको थियो । ३७ पदका लागि ८४ प्रतिस्पर्धामा थिए ।

जिल्लाको छमध्ये चार स्थानीय तह र ३६ वडाको मतगणना सकिएको छ । मालिका गाउँपालिकाको अध्यक्षमा एमालेका बेगप्रसाद गर्बुजा र उपाध्यक्षमा सोही पार्टीका लक्ष्मीदेवी पुन घर्ती निर्वाचित हुनुभएको छ । रघुगङ्गा गाउँपालिकाको अध्यक्षमा कांग्रेसका भवबहादुर भण्डारी र उपाध्यक्षमा प्रेमकुमारी पुन विजयी हुनुभएको छ । मङ्गला गाउँपालिकाको अध्यक्षमा एमालेका सतप्रसाद रोका र उपाध्यक्षमा सोही पार्टीका प्रेमकुमारी अधिकारी (पेमा) निर्वाचित हुनुभएको छ ।

मतपरिणाम सार्वजनिक भएका ३६ वडामध्ये एमालेले १६, कांग्रेसले १३ र माओवादीले छ वडामा जित हासिल गरेको छ । जिल्लाका दशा वडा, बेनी नगरपालिका र अन्नपूर्ण गाउँपालिकाको अन्तिम मतपरिणाम आउन बाँकी छ ।

# बैँसीसहरमा एमाले विजयी

**रासस**
**लमजुङ, ३ जेठ**

सदरमुकामसमेत रहेको बैँसीसहर नगरपालिकामा नेकपा(एमाले)का उम्मेदावर विजयी भएका छन् ।

मंगलबार दिउँसो सम्पन्न मतगणनामा नगर प्रमुखमा पुनः एमालेकै गुमानसिंह अर्याल र उपप्रमुखमा एमालेकी पद्मा गुरुङ विजयी भएका हुन् । गठबन्धनका उम्मेदवार कांग्रेसका श्रीकान्त घिमिरेलाई दुई हजार आठ मतले पराजित गर्दै नगर प्रमुखमा पुनः अर्यालले जित्नुभएको हो । यसअघि पाँच वर्ष नगरपालिकाको प्रमुखमा रहेर काम गर्नुभएका अर्याल पुनः पाँच वर्षका लागि नगरप्रमुखमा निर्वाचित हुनुभएको हो । विजयी अर्यालले नौ हजार ४७९ मत प्राप्त गर्नुभएको छ भने, उहाँको प्रतिद्वन्द्वी कांग्रेसका घिमिरेले सात हजार ४७१ मत प्राप्त गर्नुभयो । त्यस्तै, प्रमुखमा राप्रपाका अजितबहादुर अधिकारीले १४६ मत प्राप्त गरेको छ भने मङ्गोल नेशनल अर्गनाइजेशनका कुलुकुमारी गुरुङले ५३ मत र जसपाका बलबहादुर रानाले ४३ मत प्राप्त गरेका छन् । विजयी अर्यालले विसं २०७४ को स्थानीय तह चुनावमा कांग्रेसका तत्कालीन सभापति भेषबहादुर पौडेललाई २९७ मतले हराउँदै निर्वाचित हुनुभएको थियो । त्यस्तै, उपप्रमुखमा निर्वाचित गुरुङले चार हजार १५ मतअन्तरले बढी ल्याउँदै भारी मतले विजयी हुनुभएको छ । उहाँकाले आठ हजार ७१४ मत प्राप्त गर्नुभएको छ भने उहाँको प्रतिद्वन्द्वी गठबन्धनका माओवादी केन्द्र हरिजङ्ग तामाङले चार हजार ६९९ मत प्राप्त गरेको छ । त्यस्तै, स्वतन्त्र उम्मेदावर जीवनकुमार श्रेष्ठले एक हजार ६१५ मत प्राप्त गर्नुभएको छ । उपप्रमुखमा राप्रपाका मेनुका कार्कीले १४८ मत र मङ्गोल नेश्नल अर्गनाइजेशनका पदममाया गुरुङले ४८ मत प्राप्त गर्नुभयो ।

बैँसीसहर नगरपालिकामा ११ वटा वडा रहेकोमा एमालेबाट वडा नं १ मा दुर्गाबहादुर बुढाथोकी, २ मा मदनबहादुर राना, ५ मा इन्द्रबहादुर गुरुङ, वडा नं ७ मा ऋषि बस्नेत, वडा नं ८ मा पवित्रा थापा राना, वडा नं १० मा गंगाबहादुर थापा र वडा नं ११ मा शिवप्रसाद जोशी वडाध्यक्षमा निर्वाचित भएका छन् ।

वडा नं ६ मा एमालेबाट बागी उठेका स्वतन्त्र प्रकाश थापा वडाध्यक्ष बन्न सफल हुनुभएको छ । सत्ता गठबन्धनबाट कांग्रेसतर्फ वडा नं ४ मा गमबहादुर गुरुङ र वडा नं ९ मा खुसीजङ्ग गुरुङ वडाध्यक्षमा निर्वाचित भएका छन् । माओवादी केन्द्रबाट वडा नं ३ मा चित्र दनाइँ वडाध्यक्षमा निर्वाचित भएका छन् । बैँसीसहर नगरपालिकामा कूल मतदाता २६ हजार २०७ रहेकोमा १८ हजार १८५ मत खसेको थियो ।

# सुन्दरबजारमा कांग्रेसका कोइराला निर्वाचित

**पोखरापत्र संवाददाता**
**लमजुङ, ३ जेठ**

जिल्लास्थित सुन्दरबजार नगरपालिकामा गठबन्धनबाट नेपाली कांग्रेसका कृष्णप्रसाद कोइराला विजयी हुनुभएको छ ।

गएराति सम्पन्न मतगणना परिणाम अनुसार ६०५ मत बढी ल्याउँदै कोइराला विजयी हुनुभएको हो । उहाँले ६ हजार ६४१ मत प्राप्त गर्नुभयो भने उहाँका प्रतिस्पर्धी नेकपा एमालेका भीमबहादुर गुरुङले ६ हजार ३६ मत प्राप्त गर्नुभएको सुन्दरबजारस्थित निर्वाचन अधिकृत कार्यालयले जनाएको छ । त्यस्तै, नगर उपप्रमुखमा एमालेकी भवानी केसी विजयी हुनुभएको छ । उहाँले पाँच हजार १८ मत प्राप्त गर्दा उहाँको प्रतिस्पर्धी नेकपा एकीकृत समाजवादीकी रामबाबु अधिकारीले दुई हजार २०४ मत प्राप्त गर्नुभयो भने स्वतन्त्रका द्वारिकाप्रसाद मिश्रले चार हजार ४७५ मत प्राप्त गर्नुभएको छ ।

नगरपालिकामा कूल मतदाता २० हजार ७९६ रहेको छ जसमा ९ हजार ९२७ पुरुष र १० हजार ८६९ महिला रहेका छन् । नगरपालिकामा ११ वडा छन् । निर्वाचनमा १४ हजार ५२ मत खसेको थियो ।

# बन्दीपुरको अध्यक्षमा एमाले र उपाध्यक्षमा कांग्रेस

**पोखरापत्र संवाददाता**
**तनहुँ, ३ जेठ**

बन्दीपुर गाउँपालिकाको अध्यक्षमा नेकपा (एमाले)का सुरेन्द्र थापाले तीन हजार दुई सय पच्चीस मत ल्याएर विजयी हुनुभएको छ ।

उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा (माओवादी केन्द्र) का पूर्णसिं थापाले तीन हजार एक सय छैसठ्ठी मत प्राप्त गर्नुभएको हो । यसैगरी उपाध्यक्षमा नेपाली कांग्रेसका पञ्चमाया गुरुङले तीन हजार सत्ताइस मत ल्याएर विजयी हुनुभएको छ । उहाँको निकटतम प्रतिद्वन्द्वी करुणा गुरुङले तीन हजार पच्चीस मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । बन्दीपुरमा कूल दश हजार दुई सय पाँच मत खसेको थियो ।

# पर्वतको महाशिलामा एमाले विजयी

**पोखरापत्र संवाददाता**
**पर्वत, ३ जेठ**

पर्वतको महाशिला गाउँपालिकको अध्यक्ष र उपाध्यक्षमा नेकपा एमाले विजयी भएको छ । विजयी ईश्वरी भुसालले २७४३ मत ल्याउदा निकटतम प्रतिद्वन्द्वी अशोक उच्चै ठकुरीले २३०६ मत ल्याउनुभएको थियो । उपाध्यक्षमा विजयी धनसोभा विकले २७०६ मत ल्याउदा निकटतम प्रतिद्वन्द्वी एकीकृत समाजवादीका वीराज हमालले १९६९ मत ल्याउनुभयो ।

महशिलाका छवटा वडामध्ये वडा नं ५ लुङ्खुदेउरालीमा नेपाली कांग्रेस विजयी भएको छ भने बाँकी सबै वडामा नेकपा एमाले प्यानलसहित विजयी भएको छ ।

# जलजलामा गठबन्धनको जित

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ३ जेठ**

म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) का उम्मेदवार निर्वाचित भएका छन् । मोहनचोकस्थित जलजला गाउँपालिकाको निर्वाचन अधिकृतको कार्यालयमा मंगलबार दिउँसो सम्पन्न मतगणनाको परिणामअनुसार अध्यक्षमा कांग्रेसका राजुप्रसाद आचार्य र उपाध्यक्षमा माओवादीका दीपक आचार्य (आकाश) विजयी हुनुभएको हो ।

अध्यक्षमा निर्वाचित राजुले पाँच हजार ६५७ र उपाध्यक्षमा निर्वाचित दीपकले चार हजार ७९२ मत पाउनुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। अध्यक्षमा एमालेका लालबहादुर अधिकारीले चार हजार १८४ र उपाध्यक्षमा एमालेकी सुनिता वरुवालले चार हजार ७१५ मत पाउनुभएको छ । उपाध्यक्षमा ७७ मतले वरुवाललाई आचार्यले पराजित गर्नुभएको हो । जलजलाको नौ वटामध्ये पाँच वटामा एमाले, दुई वटामा कांग्रेस र दुई वटा वडामा एमालेले जितेका छन् ।

# ढोरपाटन नगरप्रमुखमा एमालेका नेपाली पुनः विजयी

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३ जेठ**

बागलुङको ढोरपाटन नगरपालिकाको नगरप्रमुखमा नेकपा एमालेका देवकुमार नेपाली पुनःविजयी हुनुभएको छ ।

संयुक्त पाँच दलीय गठबन्धनका उम्मेदवार नेकपा (माओवादी केन्द्र)का चन्द्रलाल अर्याललाई ६०० मतले पराजित गर्दै नेपाली दोस्रो कार्यकालका लागि नगरप्रमुखमा निर्वाचित भएका हुन् । नेपालीले पाँच हजार ७३५ मत प्राप्त गर्दा अर्यालले पाँच हजार १३५ मत प्राप्त गर्नुभएको छ । नगरपालिकाको उपप्रमुखमा पाँच दलीय गठबन्धनका धनबहादुर कायत विजयी हुनुभएको छ ।

नेपाली कांग्रेसका कायतले पाँच हजार ६५० मत प्राप्त गर्नुभएको छ । ताराकुमारी पुनले चार हजार ४८४ मत प्राप्त गर्नुभएको छ । पुनले नेकपा एमालेको तर्फबाट उपप्रमुखमा उम्मेदवारी दिनुभएको थियो ।

# बेनीको नगरप्रमुखमा एमाले र उपप्रमुखमा माओवादी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ३ जेठ**

बेनी नगरपालिकाको नगरप्रमुखमा नेकपा एमाले र उपप्रमुखमा नेकपा माओवादी केन्द्रका उम्मेदवार विजयी भएका छन् ।

नगरप्रमुखमा एमालेका सुरत केसीले सात हजार ६०३ र उपप्रमुखमा माओवादीकी ज्योति लामिछाने पौडेलले सात हजार ७३ मत ल्याएर विजयी हुनुभएको मुख्य निर्वाचन अधिकृत तेजनारायण पौडेलले जानकारी दिनुभयो । प्रमुखमा नेपाली कांग्रेसका चिरञ्जीवी शर्माले छ हजार २३० र उपप्रमुखमा एमालेकी पशुपति शाहीले पाँच हजार ५०० मत पाएका छन् । बेनीको नगरप्रमुख, उपप्रमुख र पाँच वटा वडामा कांग्रेस र माओवादीले तालमेल गरेर साझा उम्मेदवार बनाएका थिए । वैशाख ३० गते भएको स्थानीय तह निर्वाचनमा २१ हजार ८४२ जना मतदाता रहेको बेनी नगरपालिकामा ६९.६४ प्रतिशत अथवा १५ हजार २११ मत खसेको थियो । १० वटा वडा रहेको बेनीको ५२ पदका लागि १५६ जना चुनावी प्रतिस्पर्धामा उत्रिएका थिए । एमालेले पाँच, कांग्रेसले तीन र माओवादीले दुई वटा वडाको अध्यक्ष जितेका छन् । वडा नम्बर १ मा एमालेका टेकबहादुर थापा, दुईमा कांग्रेसका यामबहादुर कार्की, ३ मा माओवादीका पदम पुन, ४ मा माओवादीका भगवान खड्का, ५ मा एमालेका गोविन्द बानिया, ६ मा एमालेका कृष्णसिंह बानिया, ७ मा कांग्रेसका रमेश श्रेष्ठ, ८ मा एमालेका उत्तमकुमार कर्माचार्य, ९ मा कांग्रेसका चक्र केसी र १० मा एमालेका मसविर रोका वडाध्यक्षमा निर्वाचित हुनुभएको छ ।

# आँबुखैरेनीको अध्यक्ष र उपाध्यक्षमा माओवादी विजयी

**पोखरापत्र संवाददाता**
**दमौली, ३ जेठ**

तनहुँको आँबुखैरेनी गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा नेकपा (माओवादी केन्द्र) विजयी भएको छ।

गाउँपालिकाको अध्यक्षमा शुक्र चुमान र उपाध्यक्षमा दुर्गा अर्याल विजयी हुनुभएको हो।

अध्यक्ष चुमान तीन हजार ९४० मत प्राप्त गरी विजयी हुनुभएको छ। प्रतिस्पर्धी नेपाली कांग्रेसका गिरबहादुर थापाले दुई हजार २३० मत प्राप्त गर्नुभयो।

उपाध्यक्षमा अर्याल दुई हजार ८४८ मत प्राप्त गरी विजयी हुनुभएको छ। प्रतिस्पर्धी कांग्रेसका पवित्रा गौलीले दुई हजार १८३ मत प्राप्त गर्नुभयो।

छ वटा वडा रहेको आँबुखैरेनीमा माओवादीले तीन, कांग्रेसले दुई र एमालेले एक वडा जितेको छ।

माओवादीले आँबुखैरेनी वडा नं १, २ र ५ मा विजय हासिल गरेको छ। कांग्रेसले वडा नं ३ र ४ मा विजय हासिल गरेको छ भने नेकपा एमालेले वडा नं ६ मा विजय हासिल गरेको छ।

# ढोरपाटन नगरप्रमुखमा एमालेका नेपाली पुनः विजयी

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३ जेठ**

बागलुङ्को ढोरपाटन नगरपालिकाको नगरप्रमुखमा नेकपा एमालेका देवकुमार नेपाली पुनःविजयी हुनुभएको छ।

गठबन्धनका उम्मेदवार नेकपा (माओवादी केन्द्र)का चन्द्रलाल अर्याललाई ६०० मतले पराजित गर्दै नेपाली दोस्रो कार्यकालको लागि नगरप्रमुखमा निर्वाचित हुनुभएको हो। नेपालीले पाँच हजार ७३५ मत प्राप्त गर्दा अर्याललले पाँच हजार १३५ मत प्राप्त गर्नुभएको छ। उपप्रमुखमा गठबन्धनका धनबहादुर कायत विजयी हुनुभएको छ। कांग्रेसका कायतले पाँच हजार ६५० मत प्राप्त गर्नुभएको छ।

यस्तै वडा नम्बर १ को अध्यक्षमा कांग्रेसका बानबहादुर छन्त्याल ६८२, वडा नम्बर २ को अध्यक्षमा राष्ट्रिय जनमोर्चाका भेकबहादुर खत्री ७२८ मत प्राप्त गरी विजयी हुनुभएको हो।

वडा नम्बर ३ को अध्यक्षमा एमालेका खिमबहादुर सुनार ५९०, ४ को अध्यक्षमा एमालेका तिलक पुन ९०५, ५ मा एमालेका दीपेन्द्र पुनमगर ७९७, ६ मा एमालेका उमेशकुमार बुढामगर ७८१, ७ मा राष्ट्रिय जनमोर्चाका धनबहादुर अदै ४९७, ८ मा माओवादीका भद्रमणि सुनार ७०९ र वडा नम्बर ९ मा एमालेका खीमबहादुर घर्ती मगर ४०२ मतले विजयी हुनुभएको छ।

# बरेङमा जनमोर्चाका शर्मा र उपाध्यक्षमा कांग्रेसका पुन

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३ जेठ**

बरेङ गाउँपालिकामा राष्ट्रिय जनमोर्चाका कृष्णप्रसाद शर्मा विजयी हुनुभएको छ। नवनिर्वाचित शर्मा गाउँपालिकाका निवर्तमान अध्यक्षसमेत हुनुहुन्छ।

गठबन्धनका उम्मेदवार शर्माले तीन हजार ६०१ मत प्राप्त गरेर विजयी हुनुभएको निर्वाचन अधिकृत मनीराम ज्ञवालीले जानकारी दिनुभयो। उहाँका निकटतम प्रतिस्पर्धी एमालेका प्रदीप थापाले दुई हजार २३२ मत प्राप्त गर्नुभएको छ।

गाउँपालिका उपाध्यक्षमा गठबन्धनको तर्फबाट कांग्रेसका दिलीपकुमार पुन विजयी हुनुभएको छ। पुनले तीन हजार ६८२ मत प्राप्त गर्दा एमालेका दुर्गा कार्की थापा क्षेत्रीले एक हजार ९५५ मत प्राप्त गर्नुभएको छ। गाउँपालिकाको वडा नम्बर १ मा गठबन्धनकै तर्फबाट राष्ट्रिय जनमोर्चाका नरसिंह पुन एक हजार ४४१ मत प्राप्त गरी विजयी हुनुभएको छ। वडा नम्बर २ को अध्यक्षमा जनमोर्चाकै हिराबहादुर घर्ती ८९९ मत प्राप्त गरी विजयी हुनुभएको छ।

यस्तै वडा नम्बर ३ मा नेकपा एमालेका शेरबहादुर खनाल क्षेत्री ८४१ मत प्राप्त गरी विजयी हुनुभएको छ। वडा नम्बर ४ मा कांग्रेसका किसनबहादुर खत्री ३२९ मत प्राप्त गरी विजयी हुनुभएको छ भने वडा नम्बर ५ मा कांग्रेसका अमरबहादुर शेरवुजा ४४५ मत प्राप्त गरी वडाध्यक्षमा विजयी हुनुभएको छ।

# दोर्दीमा एमाले, राइनासमा कांग्रेस विजयी

**पोखरापत्र संवाददाता**
**लमजुङ, ३ जेठ**

पहाडी जिल्ला लमजुङस्थित दोर्दी गाउँपालिकामा नेकपा एमाले र राइनास नगरपालिकामा नेपाली कांग्रेस विजयी भएका छन्।

मंगलबार साँझ सम्पन्न मतगणनाअनुसार दोर्दीमा सत्ता गठबन्धनका उम्मेदवार नेकपा (माओवादी केन्द्र)का लालबहादुर गुरुङलाई ८७ मतअन्तरले पछि पार्दै एमालेका युवराज अधिकारी अध्यक्षमा निर्वाचित हुनुभएको छ।

उहाँले चार हजार ७३८ मत प्राप्त गर्नुभयो भने उहाँका प्रतिद्वन्द्वी गुरुङले चार हजार ६५१ मत प्राप्त गर्नुभयो। अध्यक्षमा निर्वाचित अधिकारीले संविधानसभा सदस्यसमेत रहनुभएका गुरुङलाई पराजित गर्नुभएको हो।

त्यस्तै उपाध्यक्षमा गठबन्धन उम्मेदवार, कांग्रेस दोर्दी गाउँपालिका सभापतिसमेत रहनुभएका विच्छबहादुर घले चार हजार ९५८ मतका साथ विजयी हुनुभएको छ। उहाँका प्रतिद्वन्द्वी एमालेकी उषा गुरुङले चार हजार १९० मत हासिल गर्नुभयो। दोर्दी गाउँपालिकामा १५ हजार ८४ रहेकामा १० हजार ४०६ मत खसेको थियो। त्यस्तै राइनास नगरपालिकामा सत्ता गठबन्धनतर्फ कांग्रेसका उम्मेदवार खड्गबहादुर गुरुङ एक हजार ५८३ मतअन्तरले विजयी हुनुभएको छ। उहाँले पाँच हजार ८२७ मत प्राप्त गर्नुभयो भने उहाँका प्रतिद्वन्द्वी नेकपा एमालेका सिंहबहादुर थापाले चार हजार २४४ मत प्राप्त गर्नुभएको छ। नगरप्रमुखमा पराजित थापा यसअघिका नगरप्रमुखसमेत हुनुहुन्छ।

त्यस्तै, उपप्रमुखमा गठबन्धनतर्फ माओवादी केन्द्रका उम्मेदवार पुष्पराज खनाल पाँच हजार ८८७ मत प्राप्त गर्दै निर्वाचित हुनुभएको छ। उहाँका प्रतिद्वन्द्वी नेकपा एमालेका उम्मेदवार शोभा पन्थी चिलवालले तीन हजार २३४ मत प्राप्त गर्नुभएको छ। राइनास नगरपालिकामा १५ हजार ९८९ मतदातामध्ये ११ हजार २३ मत खसेको थियो।

# पर्वतको फलेवासमा गठबन्धनका उम्मेदवार तिवारी र क्षेत्री विजयी

**पोखरापत्र संवाददाता**
**पर्वत, ३ जेठ**

पर्वतको फलेवास नगरपालिकाको नगरप्रमुख र उपप्रमुखमा गठबन्धनका उम्मेदवार विजयी भएका छन्। गठबन्धनबाट नगर प्रमुखको उम्मेदवार बनेका नेपाली कांग्रेसका गङ्गाधार तिवारी नगरप्रमुख र माओवादी केन्द्रकी शोभा क्षेत्री क्रमशः प्रमुख र उपप्रमुखमा विजयी हुनुभएको हो। तिवारीले एक हजार ३६२ मतको अन्तरले एमाले उम्मेदवार पदमपाणि शर्मालाई पराजित गर्नुभएको हो। तिवारीले सात हजार ७०० मत प्राप्त गर्नुभएको छ भने उहाँका प्रतिस्पर्धी एमालेका शर्माले छ हजार ३३८ मत प्राप्त गनुभएको छ। त्यसैगरी उपप्रमुखमा शोभाकुमारी क्षेत्रीले छ हजार ३२७ मत प्राप्त गरी विजयी हुनुभएको छ भने उहाँकी प्रतिस्पर्धी एमालेकी मञ्जु अधिकारीले छ हजार ५७ मत प्राप्त गर्नुभएको छ। उपप्रमुखमा २७० मतको अन्तर रहेको छ। फलेवासमा पुरानै अनुहार दोहोरिएका हुन्। अहिले पराजित बनेका पदमपाणि शर्मा र मञ्जु अधिकारी निवर्तमान नगर प्रमुख र उपप्रमुख हुनुहुन्छ। विसं २०७४ को स्थानीय निर्वाचनमा अहिले विजयी भएका तिवारी र क्षेत्री झिनो मतले पराजित हुनुभएको थियो। गठबन्धनका कारण अहिले उहाँहरूले जित्नुभएको हो। फलेवास नगरपालिकाका ११ वटा वडा मध्ये वडा नं २, ५, ७,८ र ११ मा एमाले विजयी भएको छ भने वडा नं १, ३, ४, ६, ९ र १० मा नेपाली कांग्रेसका उम्मेदवार विजयी भएका छन्।

# म्याग्दीका पाँच पालिका र ४० वडाको मतपरिणाम टुङ्गियो

**रासस**
**म्याग्दी, ३ जेठ**

स्थानीय तह निर्वाचन अन्तर्गत सोमबार बिहानसम्म म्याग्दीका पाँच वटा स्थानीय तह र ३८ वटा वडाको मतपरिणाम सार्वजनिक भएको छ।

मतगणना सार्वजनिक भएका दुई वटा पालिकामा एमालेले अध्यक्ष, उपाध्यक्ष दुवै, एउटामा प्रमुख, कांग्रेसले दुई अध्यक्ष, एक उपाध्यक्ष र माओवादीले एक उपप्रमुख र एक उपाध्यक्ष जितेका छन्।

मतपरिणाम सार्वजनिक भएका ४० वटा वडामध्ये एमालेले २०, कांग्रेसले १४ र माओवादीले ६ वडामा जित हासिल गरेका छन्। अन्नपूर्ण गाउँपालिका र ५ वटा वडाको मतपरिणाम सार्वजनिक हुन बाँकी छ। वैशाख ३० गते भएको स्थानीय तह चुनावमा निर्वाचित हुने २३७ पदका लागि ७१८ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका थिए। कूल ८५ हजार ३७५ जना मतदाता रहेकोमा ५६ हजार ५४३ अथवा ६६.२३ प्रतिशत मत खसेको थियो।

बेनी नगरपालिकाको प्रमुखमा एमालेका सुरत केसी र उपप्रमुखमा माओवादीकी ज्योति लामिछाने पौडेल निर्वाचित हुनुभएको छ। मालिका गाउँपालिकाको अध्यक्षमा एमालेका बेगप्रसाद गर्बुजा र उपाध्यक्षमा एमालेकी लक्ष्मीदेवी पुन घर्ती निर्वाचित हुनुभयो। रघुगङ्गा गाउँपालिकाको अध्यक्षमा नेपाली कांग्रेसका भवबहादुर भण्डारी र उपाध्यक्षमा प्रेमकुमारी पुन विजयी हुनुभएको छ। मङ्गला गाउँपालिकाको अध्यक्षमा एमालेका सतप्रसाद रोका र उपाध्यक्षमा एमालेकी प्रेमकुमारी अधिकारी निर्वाचित हुनुभएको छ। धवलागिरी गाउँपालिकाको अध्यक्षमा कांग्रेसका प्रेमप्रसाद पुन र उपाध्यक्षमा माओवादी केन्द्रका रेशम पुन विजयी हुनुभएको छ। स्थानीय तह चुनावमा धवलागिरिमा कांग्रेस र माओवादीले तालमेल गरेका थिए।

एमालेबाट बेनपा १ मा टेकबहादुर थापा, ५ मा गोविन्द बानियाँ, ६ मा कृष्णसिंह बानियाँ, ८ मा उत्तमकुमार कर्माचार्य, १० मा मसवीर रोका, मङ्गला १ कुहुँमा एकतिज रोका, २ बाबियाचौरमा धनबहादुर खाती क्षेत्री, ५ मा भूपेन्द्र खत्री, मालिका २ मा उदयबहादुर बुढाथोकी, ६ मा पथबहादुर रोका, ७ मा टकलाल पुन, धवलागिरि २ मा अकबहादुर विक, ४ मा यामबहादुर घर्ती, ६ मा राजाराम उपाध्याय, रघुगङ्गा २ भगवतिमा अमृत भण्डारी, ३ पिप्लेमा खिमबहादुर शाही, ७ मा रिम पाइजा, अन्नपूर्ण १ दोवामा दिलीपकुमार गर्बुजा, २ भुरुङ तातोपानीमा ओमप्रकाश फगामी र ३ मा रमेश पुर्जा विजयी हुनुभएको छ। कांग्रेसबाट बेनपा २ मा याम कार्की, ७ मा रमेशकुमार श्रेष्ठ, ९ मा चक्र केसी, मङ्गला ४ मा लालबहादुर रोका, मालिका १ मा टङ्कप्रसाद पुन, ४ मा भिजेन्द्रमान पुन, ५ मा मीम पुन, धवलागिरिमा ३ मा देवेन्द्र रोका, ५ मा अमर छन्त्याल, रघुगङ्गा १ मा बिलबहादुर फगामी, ४ मा पविन गर्बुजा, ५ मा मनबहादुर शेरपूर्जा, ६ मा मनकुमार शेरपुञ्जा र ८ मा गमान छन्त्याल निर्वाचित हुनुभएको छ।

माओवादी केन्द्रबाट बेनपा-३ मा पदम पुन, ४ मा अणबहादुर खड्का, मङ्गला ३ मा याम रोका, मालिका ३ मा मोतिप्रसाद बुढा, धवलागिरी १ मा भक्कबहादुर छन्त्याल र ७ मा अशोक खत्री निर्वाचित हुनुभएको छ।

# नेपालमा करिब ४७ लाख उच्च रक्तचापका बिरामी

**रासस**
**काठमाडौं, ३ जेठ**

नेपालमा ४७ लाख मानिसमा उच्च रक्तचापको समस्या रहेको अनुमान छ।

विश्व उच्च रक्तचाप दिवसका अवसरमा स्वास्थ्य सेवा विभागले यहाँ आयोजना गरेको पत्रकार अन्तर्क्रिया कार्यक्रममा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले ४७ लाख मानिसमा उच्च रक्तचापको समस्या रहेको बताउनुभएको हो।

उहाँका अनुसार तीमध्ये १० लाखलाई आफ्नो उच्च रक्तचापको अवस्थाबारे जानकारी रहेको र चार लाखले मात्र औषधि सेवन गर्ने गरेका छन्। औषधि सेवन गर्नेमध्ये दुई लाखको मात्र उच्च रक्तचाप नियन्त्रणमा रहेको उहाँको भनाइ थियो। उच्चरक्तचाप तनाव, प्रदूषण, अस्वस्थ्यकर खाना, मध्यपान, सुर्तीजन्य पदार्थको प्रयोग र निस्क्रिय जीवनशैलीले हुने गर्दछ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले रक्तचापबाट बच्नका लागि सन्तुलित जीवनशैली अपनाउनुपर्ने बताउनुभयो। उहाँले नर्सने रोगलाई मन्त्रालयले प्राथमिकतामा राखेर बजेट विनियोजन गर्ने तयारीसमेत गरेको जानकारी दिनुभयो।

उच्च रक्तचापका कारण मस्तिष्कघात, हृदयाघात, मुटु तथा रक्तनलीसम्बन्धी रोग, दीर्घ मिर्गौलाको समस्याजस्ता रोग लागेर अकालमै मानिसको मृत्यु हुने गर्दछ। मन्त्रालयका प्रमुख विशेषज्ञ डा श्यामसुन्दर यादवले रक्तचापबाट बच्नका लागि नुन र चिनीको मात्रा कम गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले उच्च रक्तचापमा सर्वव्यापी गुणस्तरीय समतामूलक स्वास्थ्य सेवाको पहुँच बढाई यस वर्ष नियमित औषधि सेवन गर्ने सङ्ख्या १० लाख पुऱ्याउने बताउनुभयो। विभागकामहानिर्देशक डा दीपेन्द्ररमण सिंहले रक्तचापको उपचारसँगै जनचेतनासमेत जगाउनुपर्ने बताउनुभयो। उहाँले रक्तचापको रोकथामका लागि स्वास्थ्यचौकी, प्राथमिक स्वास्थ्य केन्द्र र अस्पतालबाट नै विशेष सेवा प्रवाह गरिरहेको जानकारी दिनुभयो। महानिर्देशक सिंहले नियमित रक्तचाप परीक्षण र औषधि सेवनले रोगको रोकथाम गर्नसकिने बताउनुभयो। वरिष्ठ हृदयरोग विशेषज्ञ डा ओममूर्ति अनिलले १५ देखि २४ वर्ष उमेरसमूहमा उच्च रक्तचाप १० प्रतिशत र ४० वर्षभन्दा माथिका मानिसमा ५० प्रतिशत उच्च रक्तचाप देखिएको जानकारी दिनुभयो। उहाँले काठमाडौँमा पेसागतरुपमा काम गर्ने युवामा बढी उच्चरक्तचाप देखिएको छ भन्नुभयो। डा अनिलले नुनले मात्र उच्चरक्तचाप नभएर गुलियो र चिल्लो खानेकुरा खाँदा पनि रक्तचाप बढ्ने बताउनुभयो। उहाँले ५० प्रतिशत मानिसले आफूमा उच्च रक्तचाप भएको थाहा नपाउने भएकाले यसको रोकथामका लागि विद्यालय तहदेखि नै पाठ्यक्रममा रक्तचाप र मुटुको रोगसम्बन्धी पठनपाठनको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो।

'दीर्घ जीवनको आधारः नियमित रक्तचाप परीक्षण, नियन्त्रण र उपचार' भन्ने मूल नाराका साथ नेपालसहित विश्वभर नै यो दिवस मनाइदै छ। टाउको दुख्ने, रिङ्गटा लाग्ने, थकाइ महसुस हुने, एक्कासि नाकबाट रगत बग्ने, वाकवाकी लाग्ने, मुटुको धड्कन बढ्नेजस्ता समस्या उच्च रक्तचापका लक्षण हुन्। उच्च रक्तचापबाट बच्नका लागि धुमपान तथा मदिरासेवन नगर्ने, हरियो सागसब्जी तथा फलफूल धेरै खाने, खानामा नुनको प्रयोग कम गर्ने, रातो र धेरै बोसोयुक्त मासु कम खाने, नियमित व्यायाम तथा योग गर्ने गर्नुपर्दछ।

# तीन सय ३५ स्थानीय तहको परिणाम : कुन दलले कति जिते ?

**– प्रकाश सिलवाल**
**काठमाडौं, ३ जेठ (रासस)**

स्थानीय तह सदस्य निर्वाचन, २०७९ को जारी मतगणनाको परिणाम आउने क्रम जारी छ। आज साँझ ७:०० बजेसम्म निर्वाचनको आयोगको प्रणालीमा प्रविष्ट भएअनुसार ३३५ स्थानीय तहको अन्तिम मत परिणाम सार्वजनिक भएको छ। मुलुकभर ७५३ पालिकाका लागि ३५ हजार २२१ पद छन्। वैशाख ३० गते भएको निर्वाचनमा स्थगन भएका १७ जिल्ला, २८ स्थानीय तहका ४४ मतदानस्थल बाहेकबाट मत परिणाम आउने क्रम जारी रहेको छ।

मतगणना भइरहेका नगरपालिकामध्येप्रमुखपदमानेपाली कांग्रेसले ३६ मा जित हासिल गरी ७१ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा नेकपा (एमाले) ले १८ स्थानमा जित हासिल गरी ५५ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (माओवादी केन्द्र) ले प्रमुख पदमा आठ स्थानमा जित र १७ स्थानमा अग्रता कायम गरेको छ। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले सो पदमा एक स्थानमा जित र नौ स्थानमा अग्रता कायम गरेको छ। अन्यले तीन स्थानमा विजय हासिल गरी २९ स्थानमा अग्रता कायम गरेका छन्। मतगणना भइरहेका नगरपालिकामध्ये उपप्रमुख पदमा कांग्रेसले २७ स्थानमा जित हासिल गरी ६३ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा नेकपा (एमाले) ले २२ स्थानमा जित हासिल गरी ६७ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (माओवादी केन्द्र) ले उपप्रमुख पदमा ११ स्थानमा जित र २२ स्थानमा अग्रता कायम गरेको छ। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले सो पदमा तीन स्थानमा जित र सात स्थानमा अग्रता कायम गरेको छ। अन्यले दुई स्थानमा विजय हासिल गरी २२ स्थानमा अग्रता कायम गरेका छन्।

मतगणना भइरहेका गाउँपालिकाकोअध्यक्षपदमानेपाली कांग्रेसले ११७ स्थानमा जित हासिल गरी ६८ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा नेकपा (एमाले) ले ७७ स्थानमा जित हासिल गरी ४० स्थानमा अग्रता कायम गरेको छ। नेकपा (माओवादी केन्द्र) ले अध्यक्ष पदमा ६६ स्थानमा जित र २० स्थानमा अग्रता कायम गरेको छ। नेकपा (एकीकृत समाजवादी)ले चार स्थानमा जित र चार स्थानमा अग्रता कायम गरेको छ। अन्यले आठ स्थानमा विजय हासिल गरी २६ स्थानमा अग्रता कायम गरेका छन्। मतगणना भइरहेका गाउँपालिकाको उपाध्यक्ष पदमा नेपाली कांग्रेसले १२० स्थानमा जित हासिल गरी ६६ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा नेकपा (एमाले) ले ७२ स्थानमा जित हासिल गरी ४३ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (माओवादी केन्द्र) ले उपाध्यक्ष पदमा ६७ स्थानमा जित र २१ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (एकीकृत समाजवादी)ले सात स्थानमा जित र तीन स्थानमा अग्रता कायम गरेको छ। अन्यले सात स्थानमा विजय हासिल गरी २४ स्थानमा अग्रता कायम गरेका छन्। मतगणना भइरहेका तहका वडाध्यक्ष पदमा नेपाली कांग्रेसले एक हजार ७२२ मा जित हासिल गरी ९५ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा नेकपा (एमाले) ले एक हजार ३१९ मा जित हासिल गरी ११४ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (माओवादी केन्द्र) ले वडाध्यक्ष पदमा ७४२ स्थानमा जित र ३१ स्थानमा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा ११३ स्थानमा जित र १७ स्थानमा अग्रता कायम गरेको छ। अन्यले ३४७ स्थानमा विजय हासिल गरी २३ स्थानमा अग्रता कायम गरेका छन्।

महिला सदस्य पदमा नेपाली कांग्रेसले एक हजार ६९५ मा जित हासिल गरी १०६ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा नेकपा (एमाले) ले १ हजार ४२७ स्थानमा जित हासिल गरी ११३ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (माओवादी केन्द्र) ले महिला सदस्य पदमा ६९१ स्थानमा जित र ३२ स्थानमा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा ११५ स्थानमा जित र १९ स्थानमा अग्रता कायम गरेको छ। अन्यले ३०६ स्थानमा विजय हासिल गरी २० स्थानमा अग्रता कायम गरेका छन्। दलित महिला सदस्य पदमा नेपाली कांग्रेसले एक हजार ६४० मा जित हासिल गरी १०४ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा नेकपा (एमाले) ले एक हजार ४०१ स्थानमा जित हासिल गरी ११३ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (माओवादी केन्द्र) ले दलित महिला सदस्य पदमा ७१० स्थानमा जित र ३२ स्थानमा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा १८५ स्थानमा जित र १७ स्थानमा अग्रता कायम गरेको छ। अन्यले २९६ स्थानमा विजय हासिल गरी २० स्थानमा अग्रता कायम गरेका छन्।

वडा सदस्य पदमा नेपाली कांग्रेसले तीन हजार ३८८ मा जित हासिल गरी १०३ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा नेकपा (एमाले) ले दुई हजार ८८८ स्थानमा जित हासिल गरी १२३ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (माओवादी केन्द्र) ले वडा सदस्य पदमा एक हजार २९४ स्थानमा जित र ३१ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (एकीकृत समाजवादी)ले सो पदमा २४४ स्थानमा जित र छ स्थानमा अग्रता कायम गरेको छ। अन्यले ६२५ स्थानमा विजय हासिल गरी ३२ स्थानमा अग्रता कायम गरेका छन्।